**कोहलपुर नगरपालिका**

# स्थानीय राजपत्र

**खण्ड: ०६** **संख्या: १०** **मिति: २०७९/०९/२३**

**भाग - ०२**

**कोहलपुर नगरपालिका**

## मेलमिलापकर्ताको सेवा सुविधा (पहिलो संशोधन) सम्बन्धी कार्यविधि, २०७९

प्रस्तावना : कोहलपुर नगरपालिकाका भित्र रहेका मेलमिलापकर्ताहरुले मेलमिलाप गराए वापत प्राप्त गर्ने सेवा सुविधा यातायात र खाजा नास्ता खर्च उपलब्ध गराउँनु पर्ने आवश्यक देखिएकोले कोहलपुर नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ को उपदफा (१) बमोजिम कोहलपुर नगर कार्यपालिकाको बैठकले मेलमिलापकर्ताको सेवा सुविधा (पहिलो संशोधन) सम्बन्धी कार्यविधि, २०७९" पारित गरेको छ।

### परिच्छेद - १

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम मेलमिलापकर्ताको सेवा सुविधा (पहिलो संशोधन) सम्बन्धी कार्यविधि, २०७९" हुनेछ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रंसगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा।

(क) "ऐन" भन्नाले प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ सम्झनु पर्छ।

(ख) "नगरपालिका" भन्नाले कोहलपुर नगरपालिका सम्झनु पर्छ। .

(ग) कार्यपालिका " भन्नाले कोहलपुर नगरकार्यपालिका लाई सम्झनु पर्छ।

(घ) " प्रमुख" भन्नाले कोहलपुर नगरपालिकाको नगर प्रमुख लाई सम्झनु पर्छ।

(ङ) "उप-प्रमुख" भन्नाले कोहलपुर नगरपालिकाको नगर उप प्रमुख लाई सम्झनु पर्छ।

(च) “प्रमुख प्रशासकीय अधिकृत" भन्नाले कोहलपुर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(छ) "कार्यविधि" भन्नाले कोहलपुर नगरपालिकाको “ मध्यस्ताकर्ताको सेवा सुविधा सम्बन्धी कार्यविधि २०७६” लाई सम्झनु पर्दछ।

(ज) "सेवा सुविधा " भन्नाले कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालयको सबै वडा र नगरपालिकामा रहेका मेलमिलापकर्ताले मेलमिलाप गराए वाप्त प्राप्त गर्ने खाजा नास्ता र यातायत लाई सम्झनु पर्छ।

(झ) “मेलमिलापकर्ता ” भन्नाले कोहलपुर नगरपालिका नगर कार्यपालिकाद्वारा सञ्चालन गरेका १५ वटा वडा र कोहलपुर नगरपालिका मा रहेका कम्तिमा ४० घण्टाको मेलमिलाप सम्बन्धी आधारभूत तालिम प्राप्त व्यक्तिलाई सम्झनु पर्दछ।

(ञ) “न्यायिक समिति” भन्नाले संविधान को धारा २१७ बमोजिम गठित कोहलपुर नगरपालिका न्यायिक समिति सम्झनु पर्दछ।

(ट) “ वडा कार्यालय” भन्नाले कोहलपुर नगरपालिका वडा कार्यालय सम्झनु पर्दछ।

## परिच्छेद – २

३. मेलमिलापकर्ता लाई खाजा नास्ता र यातायात उपलब्ध हुने : कोहलपुर नगरपालिकाले मेलमिलापकर्ताहरुलाई देहायको अवस्थामा देहाय बमोजिम खाजा नास्ता र यातायात उपलब्ध गराउने छ।

(क) मेलमिलापकर्ताको नियमित रुपमा बैठकमा आए वापत खाजा, नास्ता र यातायात खर्च प्राप्त गर्ने छ।

(ख) मेलमिलाप केन्द्रमा मेलमिलाप गराए वापत यातायात खर्च रकम प्राप्त गर्ने छ।

(ग) मेलमिलाप केन्द्रमा एउटा विवाद मेलमिलाप गरे वापत यातायात खर्च रु. १५००/- अक्षरुपी एक हजार पाँच सय रुपैयाँ उपलब्ध गराईनेछ। उक्त रकम प्रति मेलमिलापकर्ता रु. ५००/- पाँच सय का दरले प्राप्त गर्नेछन्।

(घ) मेलमिलाप सत्रमा ३ जनाको मेलमिलापकर्ताको टोली रहनेछ।

(ङ) मेलमिलाप कर्ताले मेलमिलाप हुँदा सहमति हुन (सके) भए सहमति पत्रको फोटो कपि र सहमति हुन नसके, सोही व्यहोराको प्रतिवेदन पेश गर्नु पर्ने छ।

(च) मेलमिलाप कर्ताले मेलमिलाप गर्दा, प्रत्येक छलफलको छलफल भएको दिनको सुविधा

पाउँने छन् । तर एउटा विवादमा तीन पटक भन्दा बढी (सेसन) छलफल भएमा सो भन्दा बढिको भुक्तानी पाउँने छैनन् ।

(छ) कारण वस ३ जना मेलमिलाप कर्ता उपस्थित नभई २ जना मेलमिलाप कर्ता बाट विवाद समाधान गर्न मेलमिलाप प्रक्रियामा बसे पनि सोही दरले भुक्तानी पाईने छ ।

(ज) मेलमिलाप कर्ताहरुले मेलमिलाप प्रक्रियामा बसी मेलमिलाप, प्रक्रियामा सहभागी भए सहमति भए सहमति भएको सहमति हुन नसके मेलमिलाप हुन नसकेको प्रतिवेदन को विवरण प्रत्येक महिना न्यायिक समिति समक्ष एक प्रति उपलब्ध गराउँनु पर्नेछ ।

(झ) मेलमिलाप गराउँदा आवश्यक पर्ने मसलन्द सम्बन्धित वडा वा न्यायिक समितिले उपलब्ध गराउँने छ ।

## परिच्छेद - ३ विविधि

४. कार्यविधिको व्याख्याः यस कार्यविधिमा उल्लिखित कुनै विषयमा द्विविधा उत्पन्न भएमा वा अस्पष्टता रहेमा त्यसको अन्तिम व्याख्या नगरकार्यपालिकाले गर्नेछ ।

५. कार्यविधि संसोधनः यस कार्यविधिका प्रावधानहरुमा नगरकार्यपालिकाले आवश्यक संसोधन गर्न सक्नेछ ।

६. बाधा अड्चन फुकाउ: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४ र यस कार्यविधिमा व्यवस्था भए बाहेकका विषयमा नीतिगत निर्णय गर्न आवश्यक भएमा त्यस्तो निर्णय नगरकार्यपालिकाले गर्नेछ ।

**प्रमाणीकरण मितिः**
**मितिः २०७९/०९/२२**

**आज्ञाले**
**टिकाराम ढकाल**
**प्रमुख प्रशासकीय अधिकृत**